लागु औषध नियन्त्रण ब्यूरो
कोटेश्वर, काठमाडौ

प्रेस विज्ञप्ति- ३७६
Press Release- 376
मितिः २०८२।०४।२३ गते।

## ब्रा भित्र लागु औषध कोकिन : तस्करी प्रयासमा बिदेशी महिला पक्राउ

लागु औषध नियन्त्रण व्यूरो शाखा कार्यालय त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थल गौचरणमा खटिएको विशेष प्रहरी टोलीले हवाई मार्ग हुँदै नेपाल प्रवेश गरेका व्यक्तिहरुको शंकास्पद गतिविधी पहिचान गरी निग्रानी गर्ने क्रममा मिति २०८२।०४।२१ गते ब्राजिलबाट दोहा हुँदै नेपाल आई नेपालबाट भुटान जान लागेकी ब्राजिलियन महिला बर्ष २१ की EMILLY MIKAELE SANTOSH FERREIRA लाई त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलको प्रस्थान कक्ष अगाडीबाट निजले लगाई राखेको कालो रङको ब्रा भित्र लुकाई छिपाई राखेको तरल अवस्थाको **लागु औषध कोकिन १ के.जी ९५० ग्राम** सहित पक्राउ गरिएको।

निज उपर लागु औषध (नियन्त्रण) ऐन २०३३ बमोजिम सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट लागु औषध मुद्दामा म्याद थप भई अनुसन्धान भईरहेको छ।

•••




सह-प्रवक्ता
(जिवन निरौला)
प्रहरी नायव उपरीक्षक

Contact no.:014611048, email: ncb@nepalpolice.gov.np, www.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal